## मिति २०८२/१२/२५ गतेको कार्यपालिका निर्णयहरु

| क्र.श. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा। | आ.व २०८२/०८३ मा हाल सम्म योजनाहरुको कार्यान्वायनको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो। |
| २ | प्रदेश समपूरक र विशेष अनुदानका आयोजनाको लागि प्रस्ताव पेश सम्बन्धमा। | गण्डकी प्रदेश निति तथा योजना आयोगको मिति २०८२/१२/०४ गते प्रकाशित सूचना अनुसार आ.व. २०८३/०८४ मा सञ्चालन गरिने संघीय समपुरक तथा विशेष अनुदानको आयोजनाको लागि तपशील बमोजिमको प्रस्ताव पेश गर्ने निर्णय गरियो।<br>***समपुरक अनुदान तर्फः***<br>१) हुँडीखोला-सौरपानी- बर्दीडाँडा – रञ्चोक सडक स्तरोन्नती<br>२) देउराली – धारापानी –बाहुनवेशी सडक स्तरोन्नती<br>***विशेष अनुदान तर्फः***<br>१) कोल्ड स्टोर स्थापना तथा सञ्चालन |
| ३ | शहिद प्रेम ढकाल स्मृति आधारभूत अस्पताल व्यवस्थापन र सञ्चालन सम्बन्धमा। | ) शहिद प्रेम ढकाल स्मृति आधारभूत अस्पताल २०८३ जेठ १५ गते समुद्घाटन गरि पहिलो चरणमा बहिरंग सेवा, ल्याव सेवा, X-ray, परिवार नियोजन सेवा, फार्मेसी सेवा, सुरक्षित मातृत्व सेवा, खोप र पोषण सेवा सोहि मितिबाट प्रवाह गर्ने र दोस्रो चरणमा निक साइमण्स ईन्स्टिच्युटसंगको सम्झौता बमोजिम २०८३ श्रावण १ बाट पुर्ण रुपमा स्वास्थ्य सेवा प्रवाह गर्ने निर्णय गरियो। साथै २०८३ चैत्र २४ मा बारपाक सुलिकोट गाउँपालिका र निक साईमन्स ईन्स्टिच्यूटको संयुक्त छलफलमा भएका निर्णयहरुको अनुमोदन एवं कार्यान्वयन गर्ने निर्णय गरियो। |
| ४ | ***"विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोग*** | शिक्षा शाखाबाट पेश भएको ***"विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोग कार्यविधि २०८२"*** माथि विस्तृत |

| | | |
|---|---|---|
| | *कार्यविधि २०८२"* सम्बन्धमा। | रुपमा अध्ययन गरि राय सुझाव सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो। |
| ५ | बारपाक भ्यूटावर र भूकम्प समृति पार्क सञ्चालन सम्बन्धमा। | बारपाक सुलिकोट गाउँपालिका वडा नं १ स्थित भूकम्प स्मृति पार्कको निर्माण सम्पन्न गरि सो योजना यस गाउँपालिकालाई हस्तान्तरण गर्नको लागि लेखि पठाउने निर्णय गरियो। साथै यसअघि नै निर्माण सम्पन्न भईसकेको बारपाक भ्यूटावर नयाँ वर्ष २०८३ बैशाख १ देखि सर्वसाधारणका लागि प्रवेश शुल्क (टिकट) व्यवस्था गरी नियमित सञ्चालनमा ल्याउने निर्णय गरियो। बारपाक भ्यू टावर र बारपाक भूकम्प स्मृति पार्कको हेरचाह एवं सञ्चालनका लागि १/१ जना हेरालुको करार दरबन्दी स्वीकृत गरि आवश्यक्ता बमोजिम पदपूर्ति गर्ने निर्णय गरियो। |
| ६ | शहिद दिल बहादुर रम्तेल स्मृति पार्कमा चमेना गृह सञ्चालन सम्बन्धमा। | शहिद दिल बहादुर रम्तेल स्मृति पार्कमा सर्वसाधारणलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले चमेना गृह सञ्चालनको आवश्यकता देखिएको हुँदा सो सम्बन्धमा अध्ययन तथा सम्भाव्यता मूल्याङ्कन गर्ने तथा अध्ययनबाट प्राप्त प्रतिवेदनका आधारमा उपयुक्त व्यवस्थापन मोडेल निर्धारण गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| ७ | विविध।। | क) आगामी **नयाँ वर्ष २०८३** को सुखद आगमनको उपलक्ष्यमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा आपसी सद्भाव, भाइचारा र एकता अभिवृद्धि गर्नका लागि यस गाउँपालिकाको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो। साथै नयाँ वर्षले सबै नेपालीमा सुख, शान्ति र समृद्धिको नयाँ उमङ्ग ल्याओस् भन्ने कामना समेत गरिन्छ। |

| | | |
|---|---|---|
| | | ख) बारपाक सुलिकोट गाउँपालिका वडा नं. ५, आहालडाँडा स्थित शिव मन्दिर परिसरमा रहेको सार्वजनिक जग्गामा कार्यान्वायन हुने गरि आर्थिक वर्ष २०८२/०८३ मा गण्डकी प्रदेश सरकार अन्तर्गत एकीकृत सेवा कार्यालय गोरखाबाट सो मन्दिरको संरक्षण तथा घेराबारको लागि बजेट विनियोजन भएको सन्दर्भमा "शिव मन्दिर घेराबार बासु ५ आहालडाँडा" योजना कार्यान्वयनका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।<br><br>ग) भूकम्पीय जोखिमबारे जनसाधारणलाई सुसूचित गराउन र भूकम्पमा ज्यान गुमाउनेहरूको सम्झनामा २०८३ बैशाख १२ गते "***गोरखा भूकम्प २०७२***"को केन्द्रविन्दु **बारपाक**मा **सचेतना तथा दीप प्रज्वलन कार्यक्रम** आयोजना गर्ने निर्णय गरियो ।<br><br>घ) यस गाउँपालिका अन्तर्गतका सम्पुर्ण विद्यालयहरुको शिक्षा ऐनको मापदण्ड अनुसार विद्यालय व्यवस्थापन समितिको पुनर्गठन गर्नको लागि पत्राचार गर्ने निर्नय गरियो ।<br>ङ) गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको समयावधी समाप्त भएकोले २०८३ बैशाख महिनाको तेस्रो साता सम्ममा अनिवार्य रुपमा वि.व्य.स र शि.अ.सं. को पुनर्गठन गरिसक्नु पर्ने भनि लेखि पठाउने निर्णय गरियो ।<br><br>च) बारपाक सुलिकोट गाउँपालिका वडा नं ५ टार गाउँ स्थित दरौंदी नदीमा झोलुङ्गे पुल निर्माणका लागि वडास्तरमा भएको छलफल तथा उपभोक्ताहरूको माग बमोजिम उक्त पुलको प्राथमिकताक्रम |

| | | |
|---|---|---|
| | | निर्धारण गरी आगामी आर्थिक वर्षमा आवश्यक बजेट व्यवस्थापनका लागि स्थानीय पूर्वाधार विकास विभागमा लेखी पठाउने निर्णय गरियो ।<br><br>छ) आ.व. ०८०/०८१ देखि यस गाउँपालिकामा निर्माणाधिन देहाय बमोजिमका क्रमागत आयोजनाहरुकोको समयअवधि सकिने हुँदा सो आयोजनाको तपशिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।<br>ढोडेनी सौरपानी सडक --२०८३-०३-२० सम्म |